## तिलोत्तमा नगरपालिका

# स्थानीय राजपत्र

खण्ड ४) तिलोत्तमा, मंसिर महिना ३० गते २०७७ साल (संख्या १२

**भाग : २**

**तिलोत्तमा नगरपालिका**

तिलोत्तमा नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**सम्वत् २०७७ सालको कार्यविधि नं. ८**

## कार्यविधिको नाम : तिलोत्तमा नगरपालिकाको टोल विकास संस्था सञ्जाल गठन र सन्चालन सम्बन्धी कार्यविधि, २०७७

**<u>प्रस्तावना</u>** : सामुदायिक प्रयासमा टोलको संस्थागत, सामाजिक तथा आर्थिक विकास गर्न, वडा मातहत वस्ती स्तरमा सुशासन प्रबर्द्धन गर्न एवम् समाजका सबै खाले विकृती र विसङ्गतीलाई अन्त्य गर्न, नगरपालिकाका शहरी तथा ग्रामीण वस्तीहरुमा निश्चित भौगोलिक क्षेत्रभित्र रहेका सबै घरधुरी सदस्य रही वडा समितिको मातहत तथा सहयोगीको रुपमा रहने गरी गठन गरिएका टोल विकास संस्था र सो संस्थाको कार्यलाई व्यवस्थित गर्नका साथै वडास्तर तथा नगरस्तरमा टोल विकास संस्था संञ्जाल गठन र संचालनका लागि टोल विकास संस्था सञ्जाल गठन र संचालन सम्बन्धी कार्यविधि, २०७७ स्वीकृत गरी कार्यान्वयनमा ल्याउन वान्छनीय भएकोले स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा १०२ को व्यवस्था बमोजिम नगरपालिकाको मिति २०७७/०८/१७ गतेको बैठकले यो कार्यविधि स्वीकृत गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको नाम **"टोल विकास संस्था सञ्जाल गठन र संचालन सम्बन्धी कार्यविधि, २०७७"** रहेको छ ।

(ख) यो कार्यविधि तिलोत्तमा नगर कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागू हुने छ ।

२. **परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) **"नगरपालिका"** भन्नाले तिलोत्तमा नगरपालिका रुपन्देहीलाई जनाउने छ ।

(ख) **"प्रमुख"** भन्नाले तिलोत्तमा नगरपालिकाको प्रमुखलाई जनाउने छ ।

(ग) **"उप-प्रमुख"** भन्नाले तिलोत्तमा नगरपालिकाको उप-प्रमुखलाई जनाउने छ ।

(घ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले तिलोत्तमा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउने छ ।

(ङ) **"टोल विकास संस्था"** भन्नाले तिलोत्तमा नगरपालिकाका वडा भित्रका वस्तीहरुको निश्चित भौगोलिक क्षेत्र भित्रका टोल र वस्ती तहमा रहेका घर परिवारका सदस्यहरुबाट कम्तीमा ८० र सामान्यतया वढीमा ३५० सदस्यहरु रहेको **"एक परिवार एक सदस्य"** को अवधारणामा गठन भई नगरपालिकामा दर्ता भएको सामुदायिक संस्थालाई जनाउने छ ।

(च) **"वडा स्तरीय टोल विकास संस्था सञ्जाल"** भन्नाले सम्बन्धित वडा स्तरमा गठन भएका सवै टोल बिकास संस्थावाट प्रतीनिधित्व हुने गरी गठन भएको र नगरपालिकामा दर्ता भएको वडा स्तरीय टोल विकास संस्था सञ्जाललाई जनाउने छ ।

(छ) **"नगर स्तरीय टोल विकास संस्था सञ्जाल"** भन्नाले सगोल वडामा गठन भएका वडा स्तरीय टोल विकास संस्था सञ्जालवाट प्रतीनिधित्व हुने गरी नगरस्तरमा गठन भएको र नगरपालिकामा सुचिकृत भएको नगर स्तरीय टोल विकास संस्था सञ्जाललाई जनाउने छ ।

३. **<u>वडास्तरीय टोल विकास संस्था सञ्जालको उद्धेश्य र काम देहाय बमोजिम हुनेछः</u>**

क) वडा भित्र आ-आफ्नो टोलमा सामाजिक विकास संस्थाको रुपमा समन्वयात्मक तरिकाले काम गर्न टोल विकास संस्थाहरुको क्षमता विकास गरि समुदायमा सन्चालन गरिने सामाजिक, आर्थिक र भौतिक लगायतका समग्र अभियानहरुमा सहभागितामुलक क्रियाशिलता वढाउने ।

ख) वडा भित्र टोल विकास संस्था लगायत अन्य संघ संस्थाहरुले समुदायमा सन्चालन गरेका सामाजिक अभियान, सुशाशन, संस्थागत विकास, वातावरण संरक्षण, सरसफाई, हरियाली प्रवर्धन, पुर्वाधार विकास र निर्माण कार्यमा असल सिकाई र अनुभवहरु आदान प्रदान गर्ने ।

ग) नगरपालिकाको विकास निर्माण र सामाजिक अभियानमा टोल विकास संस्था र टोलवासीहरुलाई सकृय रुपमा परिचालन गर्न सहजीकरण र समन्वय गर्ने ।

घ) समुदाय र टोल विकास संस्थाको समग्र विकास योजना तर्जुमा गर्न आवश्यक समन्वय र सहजीकरण गर्न सहयोग गर्ने ।

ङ) सम्वन्धित वडा र नगरपालिकाले तोकेका प्रचलित कानुन वमोजिमका कार्यहरुमा सहयोग पुर्याउने ।

च) सिर्जनशिलता सहित समाजमा भएका सबै खाले विकृति, विसङ्गती अन्त्य गर्न समानतायुक्त, समावेशी तथा सन्तुलित आर्थीक, सामाजिक र सांस्कृतिक रुपान्तरणमा सहयोग पुर्याउने ।

३.१. **नगर स्तरीय टोल विकास संस्था सञ्जालका उद्धेश्य र काम देहाय बमोजिम हुनेछः**

क) नगरस्तरमा भएका सामाजिक विसंगती कुरुतीहरुको सवाल उठान गरि त्यसलाई निरुत्साहित गर्न आवश्यक समन्वय गर्ने ।

ख) टोल विकास संस्थाको क्षमता विकास, नगर स्तरका सामाजिक विकास निर्माण, जागरण अभियानमा परिचालित हुन समन्वय गर्ने ।

ग) तिलोत्तमा नगरपालिका र अन्य सरोकारवाला निकायहरुसंग समन्वय गरि टोल विकास संस्था, वडा स्तरीय टोल विकास संस्था

सञ्जालहरुको संस्थागत क्षमता अभिवृद्धि, आर्थिक सम्वृद्धि जस्ता कार्यक्रम सन्चालन गर्न परिचालित हुने ।

घ) नगर विकास योजनाको कार्यक्रम कार्यान्वयनमा सहयोगिको रुपमा काम गर्ने ।

ङ) नगरपालिकाले तोकेका आर्थिक, सामाजिक, सांस्कृतिक रुपान्तरणका कार्यहरुमा सहयोग पुर्याउने ।

**४. <u>वडा स्तरीय टोल विकास संस्था सञ्जाल गठन:</u>**

वडा स्तरीय टोल विकास संस्था सञ्जालको गठन देहाय बमोजिम हुनेछ :

क) वडा भित्र रहेका प्रत्येक टोल विकास संस्थाबाट सहमतिमा चुनिएका १ महिला सहित २ जना प्रतिनिधीले वडास्तरीय टोल विकास संस्थाका देहाय बमोजिमका पदाधिकारी तथा सदस्य चयन गर्नेछन् ।

क) संयोजक - १

ख) उपसंयोजक - १

ग) सचिव - १

घ) कोषाध्यक्ष - १

ङ) कम्तीमा १ जना महिला र १ जना दलित सहित ४ जना सदस्य

च) सम्वन्धित वडा कार्यालयको सचिव–सदस्य सचिव

छ) प्रतिनिधि छनौट गर्दा वर्ग/क्षेत्र भुगोल र समावेशीतालाई ध्यान दिई प्रतिनीधि छनोट गर्नु पर्ने छ ।

ज) पदाधिकारीका संयोजक वा सचिव मध्ये १ जना महिला अनिवार्य हुनुपर्नेछ ।

झ) सम्वन्धित वडाका वडा अध्यक्ष टोल विकास संस्थाको संरक्षक रहनेछन् ।

ञ) वडाभित्र सबै टोलविकास संस्थाको प्रतिनिधित्व हुने व्यवस्था मिलाउन बाधा पर्ने छैन ।

**४.१ नगर स्तरीय टोल विकास संस्था सञ्जाल गठन**

नगर स्तरीय टोल विकास संस्था सञ्जालको गठन देहाय बमोजिम हुनेछ :

क) प्रत्येक वडामा गठन भएको टोल विकास संस्था सन्जालले चयन गरी १ जना प्रतिनिधि नगर स्तरमा पठाउने छ ।

ख) संयोजक - १ जना

ग) उप संयोजक - १ जना ।

घ) सचिव - १ जना

ङ) कोषाध्यक्ष - १ जना

च) सदस्य - १३ जना

छ) समावेशितालाई ध्यान दिदै प्रतिनिधीत्व हुन नसकेको वर्ग/क्षेत्रलाई समेट्न ३ जना सम्म सदस्य मनोनित गर्न सकिनेछ ।

ज) पदाधिकारीका संयोजक वा सचिव मध्ये १ जना महिला अनिवार्य हुनुपर्नेछ ।

झ) तिलोत्तमा नगरपालिकाले तोकेको सामाजिक विकास शाखाको अधिकृत कर्मचारी– सदस्य सचिव १ जना

ञ) नगर प्रमुख, उप-प्रमुख संरक्षकको रुपमा रहनेछन् ।

ट) प्रमुख प्रशासकीय अधिकृत, प्रवक्ता, सामाजिक विकास समितिका संयोजक सल्लाहकारका रुपमा रहने छन् ।

**५. <u>दर्ता एवम् सूचीकरण:</u>**

वडा/नगरस्तरीय टोल विकास संस्था सञ्जाल देहाय बमोजिम दर्ता हुनेछ ।

१. वडा/नगरस्तरीय टोल विकास संस्था सञ्जालको बैठकको निर्णय बमोजिम नगरपालिकाले दर्ता /सूचीकरण गर्नेछ । वडा/नगरस्तरीय टोल विकास संस्था सञ्जाललाई नगरपालिकामा दर्ता/सूचीकरण गर्दा निवेदन दिनुपर्ने छ । वडा/नगरस्तरीय टोल विकास संस्था सञ्जालबाट निर्णय गरी दर्ताका लागि अनुसूची १ बमोजिम निवेदन पेश गरेमा नगरपालिकाले वडा/नगरस्तरीय टोल विकास संस्था सञ्जाल दर्ता गरी अनुसुची २ बमोजिमको प्रमाण पत्र प्रदान गर्नु पर्नेछ ।

२. वडा/नगरस्तरीय टोल विकास संस्था सञ्जाल वा नगर टोल विकास संस्था सञ्जालले यस कार्यविधिको उद्देश्य विपरित कुनै काम गरेमा वा प्रचलित कानूनले गर्न नपाउने कार्य गरेमा नगरपालिकाले टोल विकास संस्था सञ्जालको दर्ता खारेज गर्न सक्नेछ । दर्ता खारेज भएपछि सो स्थानमा नयाँ वडास्तरीय टोल विकास संस्था सञ्जाल वा नगरस्तरीय टोल विकास संस्था सञ्जाल गठन हुनेछ ।

६. **<u>वडास्तरीय तथा नगरस्तरीय टोल विकास संस्था सञ्जालको कार्य समितिको बैठकः</u>**

वडा स्तरीय  तथा नगर स्तरीय टोल विकास संस्था सञ्जालको कार्य समितिको बैठक व्यवस्थापन देहाय बमोजिम हुनेछ ।

६.१. वडा स्तरीय टोल विकास संस्था सञ्जाल र नगर स्तरीय टोल विकास संस्था सञ्जालका तोकिएका कार्यहरु सम्पादनमा  सहयोग एवं समन्वयका लागि टोल विकास संस्थाको कार्य समितिको बैठक सामान्यतया महिनामा एक पटक वस्नेछ ।

६.२. वडा स्तरीय टोल विकास संस्था सञ्जालको बैठकमा वडा वा निजले तोकेको जनप्रतिनिधिलाई र नगर स्तरीय टोल विकस संस्था सञ्जालका वैठकमा नगर प्रमुख वा निजले तोकेको जनप्रतिनिधिलाई आमन्त्रण गर्नु पर्ने छ ।

६.३. सचिवले संस्थाको वैठकका निर्णयहरु बैठक पुस्तिकामा लेखी प्रमाणित गराउनु पर्नेछ ।

७. **<u>वडा स्तरीय टोल विकास संस्था सञ्जाल र नगर स्तरीय टोल विकास संस्था सञ्जालका कार्य समितिको पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार</u>**

वडा स्तरीय टोल विकास संस्था सञ्जाल र नगर स्तरीय टोल विकास संस्था सञ्जालका कार्य समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क. **संयोजकको काम कर्तव्य र अधिकार**

१. संस्थाको नियमित बैठक बोलाउने, बैठकको लागि मिति, समय र स्थान तोक्ने,
२. बैठकको अध्यक्षता गरी बैठक सञ्चालन गर्ने,
३. बैठकमा अनुशासनको पालन गर्न लगाउने र छलफलका विषयहरु टिपोट गर्ने वा गर्न लगाउने,
४. छलफल हुँदा सबैको विचार सङ्कलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गर्ने,
५. वैठकबाट भएका निर्णयहरु कार्यान्वयन गर्ने र गर्न लगाउने,
६. विकासको कार्यमा सबैलाई समावेश गर्ने व्यवस्था मिलाउने,
७. संस्थाले आर्जन⁄ प्राप्त गरेको नगद वा जिन्सी सामानको अभिलेख राखि समुचित प्रयोग गर्ने ।

८. विशेष बैठकको आवश्यकता परेमा विधान बमोजिम बैठक बोलाउने,

९. कार्यविधि बमोजिम अन्य कार्यहरु गर्ने ।

**ख. उप संयोजकको काम कर्तव्य र अधिकार**

१. संयोजकको अनुपस्थितिमा संयोजकले गर्ने कार्यहरु गर्ने/गराउने ।

**ग. सचिवको काम कर्तव्य र अधिकार**

१. संयोजकको आदेश अनुसार बैठक बोलाउने,

२. एक तिहाई सदस्यहरुले विशेष बैठकको लागि लिखित रुपमा माग गरेमा विधान बमोजिम संयोजकको आदेशमा बैठक बोलाउने,

३. छलफलका प्रस्तावहरु संकलन गरी बैठकमा पेश गर्ने र बैठकको निर्णय लेखि संयोजकवाट निर्णय प्रमाणित गराउने,

४. संस्थाको क्रियाकलापको वारेमा सदस्यहरुलाई जानकारी गराउने,

५. तोकिएका अन्य कार्य गर्ने ।

**घ. कोषाध्यक्षको काम, कर्तव्य र अधिकार**

१. संस्थाको आम्दानी र खर्चको विवरण तयार गर्ने,

२. खर्चको लेखा राख्ने र लेखा परिक्षण गराउने,

३. बैंकमा खाता सञ्चालन गर्दा अध्यक्ष र सचिव सहित संयुक्त रुपमा खाता सञ्चालन गर्ने,

४. संस्थाको नगद र जिन्सी सामानको जिम्मा लिई सुरक्षा गर्ने ।

**ङ. वडा तथा नगर स्तरीय टोल विकास संस्था सञ्जालका सदस्यको काम, कर्तव्य र अधिकार**

१. कार्यविधिमा उल्लेखित कामहरु गर्ने/गराउने ।

२. संस्थाको हिसाब किताब जानकारी लिने ।

३. संस्थाका पदाधिकारीहरुले गरेका काममा नियमित रुपमा सहयोग गर्ने,

४. आवश्यकता अनुसार संस्था सञ्चालनको लागि नीति नियमहरु बनाउने र सो नियमहरु पालना भए नभएको हेर्ने,

५. आवश्यकता अनुसार संयोजक, सचिव, कोषाध्यक्षहरुलाई सघाउने,

६. वडा तथा नगर स्तरीय टोल विकास संस्था सञ्जालबाट भएका निर्णयहरु कार्यान्वयन गर्न पदाधिकारीहरुलाई सघाउने, ।

७. तोकिएका अन्य कार्यहरु गर्ने ।

**८. आर्थिक व्यवस्थापन सम्बन्धी कार्यहरु गर्ने ।**

संस्थाको आम्दानी, खर्च, वचत, लेखा, लेखापरीक्षण लगायत आर्थिक व यवस्थापन देहाय बमोजिम हुनेछ ।

**क. वडा तथा नगरस्तरीय टोल विकास संस्था सञ्जालको आम्दानी**

१. नगरपालिका र वडाबाट प्राप्त हुने अनुदान,

२. विभिन्न सरकारी तथा गैर सरकारी निकायहरु, विभिन्न सामूदायीक संस्था तथा व्यक्तिहरुबाट प्राप्त हुने सहायता र अनुदान,

३. वडा तथा नगर स्तरीय टोल विकास संस्था सञ्जालले आयमूलक कार्यहरु संचालन गरी प्राप्त हुने आम्दानी,

४. संस्थाको विकास निर्माणका लागि टोल विकास कोषको रुपमा टोल विकास संस्थाको आम्दानीको निश्चित प्रतिशत संस्थाको निर्णयानुसार छुट्याउने रकम,

५. संस्थाले अन्य श्रोतबाट प्राप्त गरेको रकम ।

ख. **खर्च**

१. वडा तथा नगर स्तरीय टोल विकास संस्था सञ्जालको कोषको रकम संस्थाको निर्णयानुसार खर्च हुनेछ ।

२. संस्था सञ्चालन, व्यवस्थापन र लेखा परिक्षणका लागि गर्नु पर्ने खर्चहरु वडा स्तरीय टोल विकास संस्था सञ्जाल र नगर स्तरीय टोल विकास संस्था सञ्जालको नीति बमोजिम खर्च हुनेछ ।

ग. **वचत.**

१. वडा स्तरीय टोल विकास संस्था सञ्जाल र नगर स्तरीय टोल विकास संस्था सञ्जालले आर्जन गरेको आम्दानीबाट खर्च कटाई बाँकी रहेको रकम संस्थाको वचत मानिनेछ ।

२. वचत टोल विकास संस्था सञ्जालको निर्णय अनुसार टोल, वडा र नगरको विकासको लागि खर्च गरिनेछ ,

घ. **लेखा**

संस्थाको लेखा देहाय बमोजिम हुनेछ ।

१. संस्थाको खाता संयोजक र सचिव मध्ये कुनै एक र कोषाध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालन गरिनेछ ।

२. कोषाध्यक्षले सबै प्रकारको नगदी तथा जिन्सी आम्दानी, सम्पूर्ण खर्चको विवरण, संस्थाको सञ्चालन र व्यवस्थापनमा भएको प्रशासनिक खर्चहरुको स्पष्ट देखिने गरी लेखा राख्नुपर्दछ ।

३. कोषाध्यक्षले राखेको आम्दानी खर्चको हिसाव टोल विकास संस्था सञ्जालको बैठकमा पेश गर्नु पर्दछ ।

ङ . **लेखा परिक्षण**

संस्थाको लेखा परिक्षण देहाय बमोजिम हुनेछ ।

१. वडा तथा नगर स्तरीय टोल विकास संस्था सञ्जालले नियुक्ति गरेको लेखा परिक्षकबाट लेखा परिक्षण गराउनु पर्नेछ ।

२. संस्थाले आफ्नो वार्षिक लेखा परिक्षणको प्रतिवेदन सम्बन्धित वडा समिति मार्फत नगरपालिकामा पेश गर्नु पर्नेछ ।

९. **संशोधन प्रक्रियाः** कार्यविधि संशोधन गर्नुपर्ने देखिएमा नगर कार्यपालिकाको बैठकको निर्णयानुसार हुनेछ ।

१०. **खारेजी र बचाउः** यो कार्यविधि नेपालको संविधान, प्रचलित ऐन, कानुनसँग बाझिएमा बाझिएका बुँदाहरु बाझिएको हदसम्म स्वतः अमान्य र वदर हुनेछन् । यसअघि टोल विकास संस्था सञ्जाल सम्बन्धमा भए गरेका कार्यहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची-१
**(कार्यविधिको दफा ५ (१) सँग सम्बन्धित)**
## वडास्तरीय टोल विकास संस्था सञ्जाललाई नगरपालिकामा दर्ता गर्ने निवेदनको नमूना

मिति :....................

**श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,**
**नगरकार्यपालिको कार्यालय**
**तिलोत्तमा नगरपालिका, रुपन्देही**

**विषय : वडा स्तरीय टोल विकास संस्था सञ्जाल दर्ता गर्ने सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा यस नगरपालिकाको वडा नं............ मा गठन गरिएको वडास्तरीय टोल विकास संस्था सञ्जाललाई यस नगर कार्यपालिका कार्यालयमा दर्ता/सूचिकरण गरिदिनुहुन अनुरोध गर्दछु ।

निवेदक

..................................
**संयोजकको नाम :**
वडा नं. .......टोल विकास संस्था सञ्जाल

**अनुसूची-२**
**(कार्यविधिको दफा ५ (१) सँग सम्बन्धित)**
**नगरस्तरीय टोल विकास संस्था सञ्जाललाई नगरपालिकामा दर्ता गर्ने निवेदनको नमूना**

मिति :....................

**श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,**
**नगरकार्यपालिको कार्यालय**
**तिलोत्तमा नगरपालिका, रुपन्देही**

**विषय : नगर स्तरीय टोल विकास संस्था सञ्जाल दर्ता गर्ने सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा यस नगरपालिकाको गठन गरिएको तिलोत्तमा नगर स्तरीय टोल विकास संस्था सञ्जाललाई यस नगरकार्यपालिका कार्यालयमा दर्ता/सूचिकरण गरिदिनुहुन अनुरोध गर्दछु ।

निवेदक
................................
**संयोजकको नामः**
तिलोत्तमा नगर स्तरीय टोल विकास संस्था सञ्जालः

**अनुसूची-३**
**(कार्यविधिको दफा ५ (१) सँग सम्बन्धित)**
**तिलोत्तमा नगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय**
**मणिग्राम रुपन्देही**

# प्रमाण-पत्र

तिलोत्तमा नगरपालिका .............वडा/ नगरस्तरीय टोल विकास संस्था सञ्जाल गठन भएकोले नगरस्तरीय टोल विकास संस्था सञ्जाललाई यस कार्यालयमा मिति .......... ......मा दर्ता/सूचिकरण गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

यस नगरकार्यपालिकाको आर्थिक, सामाजिक, भौतिक पूर्वाधार लगायत समग्रमा समृद्ध नगर निर्माणको क्षेत्रमा यस टोल विकास संस्था सञ्जालको सकृय सहभागिताको अपेक्षाका साथै उत्तरोत्तर प्रगतिको शुभकामना गर्दछु ।

................................
प्रमुख प्रशासकीय अधिकृत

**आज्ञाले**
**(माधव प्रसाद शर्मा)**
**प्रमुख प्रशासकीय अधिकृत**

**प्रमाणीकरण मितिः २०७७/०८/२८**